# जिल्ला समन्वय समिति, उदयपुरको बिनियोजन ऐन, २०८१

जिल्ला समन्वय समिति उदयपुरको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८१

**प्रस्तावना :**

जिल्ला समन्वय समिति उदयपुरको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२० बमोजिम  बमोजिम गठन भएको जिल्ला सभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "जिल्ला समन्वय समिति उदयपुरको बिनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१) आर्थिक वर्ष **२०८१/२०८२** को निमित्त जिल्ला समन्वय समितिको कार्यालयले संचालन गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च को रकम समेत गरी जम्मा रकम रु.१४,५३९,०००.०० (एक करोड पैतालिस लाख उनन्चालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस बिधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८१/२०८२** को निमित्त  जिल्ला समन्वय समितिको कार्यालय उदयपुरले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपरोक्त बमोजिम चालु खर्च शिर्षक अन्तरगत बिनियोजित रकमहरु मध्ये कुनै क्रियाकलापका लागि रकम अभाव भई अर्को क्रियाकलापका लागि बिनियोजन गरिएको रकमबाट रकमान्तर गरि खर्च गर्न सकिनेछ । यसरी रकमान्तर गर्ने अधिकार जिल्ला समन्वय समितिको कार्यालयलाई हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि  चालु खर्च शिर्षक अन्तरगत एक क्रियाकलाप का लागि बिनियोजन भएको रकम अर्को क्रियाकलापका लागि रकमान्तर गर्दा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी हुनै छैन ।

(५) साविक जिल्ला विकास समतिको मौज्दात कोष हाल जिल्ला समन्वय समितिको बिबिध खर्च खाता अन्तरगत मौज्दात रहेको रकम जुन क्रियाकलापका लागि बिनियोजन गरिएकोछ सोहि क्रियाकलापका लागि मात्र खर्च गर्नु पर्नेछ, यो रकम रकमान्तर हुने छैन ।

(४) खर्च बाडफाँड सम्बन्धी बिस्तृत विवरणहरु अनुसूची १ मा समेटिएका छन् ।

# अनुसूची - १

## चालु खर्च

| शिर्षक | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|
| पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | ९,७२६,०००.०० | ४,८६३,७९४.७० | ४,८६२,२०५.३० |
| नीजि सचिवालय करार कर्मचारी (१ जना) | ४४८,०००.०० | २४३,११०.०० | २०४,८९०.०० |
| पानी तथा बिजुली, सञ्चार महसुल लगायत अन्य अनिवार्य दायित्व खर्च | ३,१०४,०००.०० | १,५५८,३९५.८६ | १,५४५,६०४.१४ |
| कार्यक्रम खर्च (समिक्षा बैठक सहित) | ३८८,०००.०० | १७९,८५०.०० | २०८,१५०.०० |
| अनुगमन तथा भ्रमण खर्च | ८७३,०००.०० | २९३,७९९.०० | ५७९,२०१.०० |
| जम्मा | **१४,५३९,०००.००** | **७,१३८,९४९.५६** | **७,४००,०५०.४४** |

## बिबिध खर्च खाता

| शिर्षक | गत बर्षको मौज्दात | यस महिना सम्मको खर्च | बाँकी रकम |
|---|---|---|---|
| कोरोना कोष | ६१५,१८७.०० | ०.०० | ६१५,१८७.०० |
| उर्जा तथा व्यवस्थापन | ४१६,८९७.४१ | ११४,०००.०० | ३०२,८९७.४१ |
| आन्तरिक ठेक्का व्यवस्थापन | २७४,८०३.१८ | ०.०० | २७४,८०३.१८ |
| नदिजन्य पदार्थ | १६,९५७.४० | ०.०० | १६,९५७.४० |
| प्रदुषण कोष | ७४५,०००.०० | ०.०० | ७४५,०००.०० |
| नदिजन्य पदार्थ व्यवस्थापन | २८,२३५.०० | १६,५००.०० | ११,७३५.०० |
| स्थानीय विकास कोष | ३४,८६०.४७ | ०.०० | ३४,८६०.४७ |
| अदालतको फैसला बमोजिम कार्यान्वयन | ३,४०६,४६२.०० | १५,०००.०० | ३,३९१,४६२.०० |
| पुर्वाधार विकास | १७,१०६,८४७.३७ | ९४५,३१७.६६ | १६,१६१,५२९.७१ |
| तथ्याङ्क प्रकाशन | ३७१,४५१.२० | ०.०० | ३७१,४५१.२० |
| प्रशासनिक खर्च | ५५,३१४.९० | ०.०० | ५५,३१४.९० |
| जम्मा | **२३,०७२,०१५.९३** | **१,०९०,८१७.६६** | **२१,९८१,१९८.२७** |